# कोशी प्रदेशको आर्थिक बुलेटिन

आ.व.२०८०/८१ (वर्ष-१, अंक-२) जेठ, २०८१

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर



## सम्पादकीय

गत आर्थिक वर्षको बैशाख महिनासम्मको खर्चको तुलनामा चालु आर्थिक वर्ष २०८०/८१ को बैशाख महिनामा प्रदेश सरकारको खर्च कम भएको छ। संघबाट प्राप्त हुने अनुदान लक्ष्य अनुसार प्राप्त नहुँदा प्रदेशको समग्र आयमा कमी भएको छ। राजस्व संकलनको अनुपातमा संघबाट वित्तीय समानीकरण अनुदान प्राप्त हुने भएकोले प्रदेशको आयमा गत वर्षको तुलनामा न्यून भएको हो।

आर्थिक मामिला तथा योजना मन्त्रालयबाट **मासिक रुपमा** आर्थिक बुलेटिन प्रकाशन गरिनेछ। प्रदेशको समग्र आम्दानी र खर्चको विवरण साप्ताहिक र मासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगरको वेवसाइट pfco.koshi.gov.np मार्फत सार्वजनिक गरिएको छ।

प्रकाशन तथा सम्पादन
वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक महाशाखा

## प्रदेशको वर्तमान आर्थिक परिदृश्य

### कोशी प्रदेशको सरकारी खर्च

१. आर्थिक वर्ष २०८०/८१ को बैशाख महिनासम्म कोशी प्रदेश सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १६.४ प्रतिशतले कमी भई रु.१५ अर्ब ८८ करोड ३ लाख खर्च भएको छ। कुल खर्च मध्ये चालु खर्च रु.६ अर्ब १३ करोड ५९ लाख, पूँजीगत खर्च रु.७ अर्ब ४७ करोड ८० लाख र स्थानीय तह अनुदान रु.२ अर्ब २६ करोड ६४ लाख रहेको छ।

तालिका (क) पछिल्लो तीन वर्षको बैशाख मसान्तसम्मको खर्च स्थिति (रु.लाखमा)

| बजेट शीर्षक/आ.व. | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|
| चालु खर्च | ६,२३,५५ | ६,६९,४९ | ६,१३,५९ |
| पूँजीगत खर्च | ८,५१,६८ | ९,८०,९२ | ७,४७,८० |
| स्थानीय तह अनुदान | २,५६,९२ | २,४९,६६ | २,२६,६४ |
| जम्मा खर्च | १७,३२,१५ | १९,००,०७ | १५,८८,०३ |
| विनियोजनको तुलनामा खर्च % | ५०.१% | ४७.७% | ४३.१% |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय।*

२. आर्थिक वर्ष २०८०/८१ को बैशाखसम्म प्रदेश सरकारको कुल खर्चमध्ये सबै भन्दा बढी खर्च माघ महिनामा रु.२ अर्ब ६० करोड ३४ लाख भएको छ भने सबैभन्दा कम खर्च श्रावण महिनामा भएको छ।

तालिका (ख) चालु आर्थिक वर्षको प्रदेश सरकारी खर्चको मासिक विवरण (रु.लाखमा)

| महिना | चालु खर्च | पूँजीगत खर्च | स्थानीय तह अनुदान | जम्मा मासिक खर्च | खर्च भार % |
|---|---|---|---|---|---|
| श्रावण | १८७ | ० | ० | १८७ | ०.१ |
| भदौ | १७१८२ | ३४० | ० | १७५२२ | ११.० |
| असोज | ८२९७ | ८२३२ | ६५७२ | २३१०१ | १४.५ |
| कात्तिक | ३२४६ | ५१८३ | २९८ | ८७२७ | ५.५ |
| मंसिर | ४३४१ | ४५९६ | ३३१ | ९२६८ | ५.८ |
| पुष | १८६९ | ३१७५ | २३८६ | ७४३० | ४.७ |
| माघ | ८६३४ | १३६९५ | ३७०५ | २६०३४ | १६.४ |
| फागुन | ४३८४ | १००८७ | ४३४२ | १८८१३ | ११.८ |
| चैत्र | ६६३३ | १५६०२ | ३३१४ | २५५४९ | १६.१ |
| बैशाख | ६५८६ | १३८७० | १७१६ | २२१७२ | १४.० |
| जम्मा | ६१३५९ | ७४७८० | २२६६४ | १५८८०३ | १००.० |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय।*

३. आ.व.२०८०/८१ को बैशाख मसान्तसम्मको अवधिमा चालु, पूँजीगत र स्थानीय तह अनुदान तर्फको खर्च कायम बजेटको क्रमशः ४८.२ प्रतिशत, ३६.६ प्रतिशत र ६१.७ प्रतिशत खर्च भएको छ। गत आ.व.२०७९/८० को बैशाख मसान्तसम्म चालु, पूँजीगत र स्थानीय तह अनुदान तर्फको खर्च क्रमशः ५२.२ प्रतिशत, ४२.५ प्रतिशत र ६४.२ प्रतिशत भएको थियो।

**तालिका (ग) पछिल्लो तीन वर्षको बजेट विनियोजन र बैशाख मसान्तसम्मको खर्च स्थिति** (रु.लाखमा)

| बजेट शीर्षक | आ.व.२०७८/७९ | | | आ.व.२०७९/८० | | | आ.व.२०८०/८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | प्रगति % | विनियोजन | खर्च | प्रगति % | विनियोजन | खर्च | प्रगति % |
| चालु खर्च | १२४६४६ | ६२३५५ | ५०.० | १२८८४५ | ६६९४९ | ५२.२ | १२७२२५ | ६१३५९ | ४८.२ |
| पूँजीगत खर्च | १७९६७४ | ८५१६८ | ४७.४ | २३०७८९ | ९८०९२ | ४२.५ | २०४१२१ | ७४७८० | ३६.६ |
| स्थानीय तह अनुदान | ४०७९३ | २५६९२ | ६३.० | ३८८८४ | २४९६६ | ६४.२ | ३६७४५ | २२६६४ | ६१.७ |
| वित्तीय व्यवस्था | ३०० | ० | - | ० | ० | - | १०० | ० | ०.० |
| जम्मा | ३४५४१३ | १७३२१५ | ५०.१ | ३९८५१८ | १९०००७ | ४७.७ | ३६८१९१ | १५८८०३ | ४३.१ |
| सुरु बजेट | ३२४६९२ | | | ३९७३८३ | | | ३६७४३५ | | |
| संघ सशर्त अनुदान थप (बैशाखसम्म) | २०७२१ | | | ११३५ | | | ७५६ | | |

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय*

## प्रदेश सरकारको आय

४. गत आर्थिक वर्ष २०७९/८० को बैशाख मसान्तसम्म कोशी प्रदेश सरकारको राजस्व र अनुदान रु.२४ अर्ब ६६ करोड ७७ लाख प्राप्ति भएकोमा चालु आर्थिक वर्ष २०८०/८१ को सोही अवधिमा यस्तो आयमा ७.१ प्रतिशतले कमी आई रु.२२ अर्ब ९३ करोड ८ लाख (वार्षिक अनुमानको ७०.९%) प्राप्ति भएको छ।

**तालिका (ग) पछिल्लो तीन आर्थिक वर्षको बैशाख मसान्तसम्मको राजस्व र अनुदान प्राप्तिको स्थिति** (रु.लाखमा)

| आय शीर्षक | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|
| संघीय राजस्व बाँडफाँटबाट प्राप्त (मू.अ.कर, अन्तःशुल्क र रोयल्टी) | ८०२११ | ६२०३९ | ७८८५१ |
| प्रदेशको आन्तरिक राजस्व (स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुने समेत) | ३१६६६ | २९४२९ | ३०३२५ |
| संघ वित्तीय समानीकरण अनुदान | ६४२५८ | ७८८२२ | ६५०९७ |
| संघ सशर्त अनुदान | ४०१४३ | ६२५३७ | ४०१३५ |
| संघ समपूरक अनुदान | ७८०४ | ९२०० | ७३०० |
| संघ विशेष अनुदान | ३९७५ | ४७५० | ७६०० |
| जम्मा | २२८०५८ | २४६७७७ | २२९३०८ |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय।*

५. आ.व.२०८०/८१ मा आन्तरिक राजस्वको वार्षिक लक्ष्य ४ अर्ब ५७ करोड ७८ लाख रहेकोमा बैशाख मसान्तसम्म रु.३ अर्ब ३ करोड २५ लाख (६६.२%) प्राप्ति भएको छ। यसैगरी संघीय राजस्व बाँडफाटको वार्षिक लक्ष्य रु.११ अर्ब ६४ करोड ८१ लाख रहेकोमा बैशाख मसान्तसम्म रु.७ अर्ब ८८ करोड ५१ लाख (६७.७%) र संघ अनुदानको अनुमान रु.१६ अर्ब ११ करोड ७० लाख रहेकोमा २०८१ बैशाख मसान्तसम्म जम्मा रु.१२ अर्ब १ करोड ३२ लाख (वार्षिक लक्ष्यको तुलनामा ७४.५%) प्राप्ति भएको छ।

## राजस्व परिचालन

६. २०८१ बैशाखसम्म संघीय राजस्व बाँडफाँट र प्रदेशको आन्तरिक राजस्व समेत गरी प्रदेश सञ्चित कोषमा रु.१० अर्ब ९१ करोड ७६ लाख **(वार्षिक लक्ष्यको ६७.३%)** राजस्व संकलन वा प्राप्ति भएको छ। राजस्व संकलनको मासिक विवरण हेर्दा चैत्र महिनामा सबैभन्दा बढी प्राप्त भएको देखिन्छ।

**तालिका (घ) आ.व.२०८०/८१ मा प्रदेश सञ्चित कोषमा राजस्व संकलनको मासिक विवरण (रु.लाखमा)**

| महिना/ शीर्षक | संघीय राजस्व बाँडफाँट | सवारी साधन कर | घरजग्गा रजिष्ट्रेशन शुल्क | चालक अनुमतिपत्र र यातायात क्षेत्रको आम्दानी | व्यवसाय रजिष्ट्रेशन दस्तुर | अनुदान/निकासा फिर्ता, बेरुजु | *स्थानीय तहबाट प्राप्त | अन्य राजस्व | **जम्मा मासिक राजस्व** |
|---|---|---|---|---|---|---|---|---|---|
| **श्रावण** | ० | ० | ० | ५७३ | ६५ | ११५१ | ६३ | १२२ | **१९७४** |
| **भदौ** | ० | ९८० | ८३ | ४६१ | ५५ | २९५ | १ | ४१ | **१९१६** |
| **असोज** | १३८३७ | ८५५ | ७२१ | ५०६ | ८२ | ४०४ | ६७ | १६० | **१६६३२** |
| **कात्तिक** | ७५९८ | ० | ७५२ | ३३४ | ३१ | ७७ | ० | ६४ | **८८५६** |
| **मंसिर** | ५९७७ | १८५१ | ११९२ | ५२८ | ५९ | १७२ | ६ | १०० | **९८८५** |
| **पुष** | ७४५६ | ० | १४ | १४३ | १५ | ३९ | ० | ६७ | **७७३४** |
| **माघ** | ९२७६ | ३३४८ | ११०२ | ९२४ | १३८ | १३६ | ५३१ | ३३४ | **१५७८९** |
| **फागुन** | १०४५६ | १२१४ | ६४४ | ५०४ | ६७ | २४७ | २६७ | २७१ | **१३६७०** |
| **चैत्र** | १५५८० | ११५५ | २२२५ | ५६४ | ९५ | १०८ | ३६ | ६०६ | **२०३६९** |
| **बैशाख** | ८६७१ | २३३५ | ४७१ | ४७२ | ६७ | ३८ | ८७ | २१० | **१२३५१** |
| **जम्मा** | **७८८५१** | **११७३८** | **७२०४** | **५००९** | **६७४** | **२६६७** | **१०५८** | **१९७५** | **१०९१७६** |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय।*

(नोटः स्थानीय तहबाट प्राप्त राजस्व अन्तरगत दहत्तर बहत्तर शुल्क, मनोरञ्जन कर र विज्ञापन कर वापत प्रदेशलाई प्राप्त हुने (४०%) राजस्व रहेको छ।)

## वैदेशिक सहायता

७. नेपाल सरकारबाट स्वीकृत भई प्रदेश सरकार अन्तरगतका निकायहरुबाट समेत कार्यान्वयन हुने वैदेशिक अनुदान तथा ऋण स्रोतबाट चालु आ.व.२०८०/८१ को लागि १५ वटा परियोजनामा रु. १ अर्ब ६८ करोड २ लाख रकम (PSP को बाहेक) संघबाट प्रदेशलाई प्राप्त हुने सशर्त अनुदान अन्तर्गत समावेश भई प्रदेशका निकाय/कार्यालयहरुबाट कार्यान्वयनमा रहेको छ।

८. स्वीट्जरल्याण्ड-एस.डी.सी.को करिब रु.८२ करोड अनुदानमा उदय परियोजना (Udaya– Investment and Innovation for Economic Development project, phase 1) कोशी प्रदेश सरकार अन्तरगतका निकायमा सञ्चालन गर्न अर्थ मन्त्रालयबाट November 21, 2023 मा स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको छ।

९. विकास सहायता परिचालन गरी प्रदेशमा कार्यक्रम सञ्चालन गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको बजेट तथा कार्यक्रम र प्रगति विवरण पेश गर्नका लागि विकास साझेदार पोर्टल (DP Portal) निर्माण गरी सञ्चालनको चरणमा रहेको छ। DP Portal को लिंक मन्त्रालयको वेवसाइटमा राखिएको छ।

## अन्य आर्थिक गतिविधि

१०. आगामी आर्थिक वर्ष २०८१/८२ का लागि सवारी साधन करको राजस्व बाँटफाँट र वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण (सिलिङ) स्थानीय तहलाई उपलब्ध गराइएको छ। सो विवरण मन्त्रालयको वेवसाइटमार्फत सार्वजनिक गरिएको छ।

११. आगामी आ.व.२०८१/८२ को लागि प्रदेशको राजस्व क्षेत्राधिकार सम्बन्धी विषयमा सरोकारवाला सबैसँग सुझाव माग गरिएको सूचना मन्त्रालयको वेवसाइटमा राखिएको छ। info.moeap@p1.gov.np मा इमेल गरेर पनि सुझाव पठाउन सकिनेछ।